"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।

पत्र संख्या: ०८२/८३ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं.: 326

मितिः २०८२।०५।०९
ने.सं.: ११४५ गलाथ्व २ सोमबार

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।**

यो जो जससँग सम्बन्धित छ ।

इलाम जिल्ला इलाम नगरपालिका अन्तर्गत श्री बालकन्या माध्यमिक विद्यालय,इलाम ११ सोयाकमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रकृया अगाडी बढाई दिन भनी विद्यालयको च.नं.०६ मिति २०८२/०५/०८ को पत्रबाट अनुरोध भई आएकोले प्राथमिक तहको लागि योग्यता पुगेका स्थाई शिक्षकले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत रहेको सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित **सम्बन्धित विद्यालयमा** निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना balkanyasoyak@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कार्यवाही हुने छैन ।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री प्रमुख ज्यू, प्रमुखको सचिवालय,इलाम नगरपालिका इलाम ।
श्री उपप्रमुख ज्यू, उपप्रमुखको सचिवालय,इलाम नगरपालिका इलाम ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ,इलाम - ताहाँ कार्यालयको वेभसाइटमा अपलोड गरिदिनु हुन ।
श्री ११ नं वडा कार्यालय,इलाम नगरपालिका, इलाम - कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन ।
श्री बालकन्या माध्यमिक विद्यालय,इलाम ११ सोयाक - सूचना पाटीमा टाँस गरी विद्यालयको फेसबुक पेजमा समेत अपलोड गर्नुहुन साथै शिक्षक सरूवासम्बन्धी निर्देशिका,२०८१ बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित विद्यालयले गर्ने सम्पूर्ण प्रक्रियाहरू सम्पन्न गरी सरूवा सिफारिशका लागि आवश्यक कागजातहरू यस कार्यालयमा पेश गर्नुहुन ।
श्री सूचना तथा प्रविधि शाखा,इलाम नगरपालिका, इलाम - वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Phone No.:- ०२७-५२००१७, ०२७-५२००३१, Website:- www.ilammun.gov.np
Email:- info@ilammun.gov.np, mun.ilam@gmail.com